केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०१/०८२/८३

मिति : २०८२/०५/०८

**इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**भवदीय,**

**(गुरु प्रसाद पौडेल)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं।
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
६. श्री नेपाल लघुवित्त बैंकर्स संघ।

**यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।**

<table>
<tr><th>क.सं.</th><th>व्यवस्था नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr>
<td>१.</td>
<td>इ.प्रा.निर्देशन नं. १/०८१ को बुँदा नं.१३ मा संशोधन गरिएको ।</td>
<td>१३. लाभांश वितरण सम्बन्धी व्यवस्थाः<br><br>वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा १५ प्रतिशत भन्दा माथिको प्रस्तावित लाभांशको ५० प्रतिशतले हुने रकम साधारण जगेडा कोषमा जम्मा गर्नुपर्नेछ ।</td>
<td>१३. लाभांश वितरण सम्बन्धी व्यवस्थाः<br><br>(क) इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुले लाभांश घोषणा/वितरण गर्दा लाभांश वितरण पछिको पुँजीकोष अनुपात तथा पछिल्लो असार मसान्तको निष्क्रय कर्जा अनुपातलाई आधार मानी देहायबमोजिमको प्रतिशतको सीमाभित्र रही लाभांश वितरणको प्रस्ताव गर्नुपर्नेछ ।
<table>
<tr><td></td><td></td><td colspan="3">निष्कृय कर्जा अनुपात (%)</td></tr>
<tr><td></td><td></td><td>५% भन्दा कम</td><td>५% देखि १०% सम्म</td><td>१०% माथि १५% सम्म</td></tr>
<tr><td rowspan="3">लाभांश वितरण पछिको पुँजीकोष अनुपात (%)</td><td>१२% भन्दा माथि</td><td>२५%</td><td>२०%</td><td>१५%</td></tr>
<tr><td>१०% देखि १२% सम्म</td><td>२०%</td><td>१५%</td><td>१०%</td></tr>
<tr><td>८% देखि १०% भन्दा कम</td><td>१५%</td><td>१०%</td><td>५%</td></tr>
</table>
तर, यस बुँदामा जुनसुकै कुरा उल्लेख भएतापनि पुँजीकोष र निष्कृय कर्जाबाहेक अन्य आधार समेत लिनुपर्ने देखिएमा यस बैंकले उल्लिखित तालिकामा तोकिएको सीमाभन्दा कम हुने गरी लाभांश स्वीकृति प्रदान गर्न सक्नेछ ।<br>लघुवित्त वित्तीय संस्थाले नगद लाभांश वितरणको प्रस्ताव गर्नुपरेमा न्यूनतम ९ प्रतिशत पुँजीकोष अनुपात कायम गर्नुपर्नेछ । साथै १५ प्रतिशत भन्दा बढी निष्कृय कर्जा अनुपात भएका लघुवित्त वित्तीय संस्थाहरुले लाभांश वितरण गर्न सक्ने छैनन् ।</td>
</tr>
</table>

यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | **(ख) यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १/०८१ को बुँदा नं. १२ बमोजिम चुक्ता पुँजी कायम गर्न नसकेको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको हकमा बोनस शेयर प्रदान गर्न कर प्रयोजनका लागि बाहेक नगद लाभांश वितरण प्रस्ताव गर्न पाइने छैन ।** |
| २. | इ.प्रा.निर्देशन नं. ३/०८१ को बुँदा नं.२ मा खण्ड (घ) थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको । | **२. खुद्रा कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थालाई देहायबमोजिमको कर्जा सीमा कायम गरिएको छ ।**<br>**(घ) वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई धितो लिई वा नलिई उपलब्ध गराएको प्रतिव्यक्ति रु. तीन लाखसम्म तथा महिलाहरुको हकमा रु. पाँच लाखसम्मको कर्जा ।** |
| ३. | इ.प्रा.निर्देशन नं. ४/०८१ को बुँदा नं. १ को खण्ड (ज) मा संशोधन गरिएको । | **ज. ग्राहक संरक्षण कोष (Client Protection Fund) सम्बन्धी व्यवस्था**<br>(अ) देहायबमोजिमको रकम ऋणीहरुको हितमा खर्च गर्ने गरी अलग्गै ग्राहक संरक्षण कोष (Client Protection Fund) मा जम्मा गरी राख्नु पर्नेछ :<br>**(१) सम्बन्धित आर्थिक वर्षको खुद मुनाफाको देहायबमोजिमको प्रतिशतले हुने रकम**<br>२०८२ असार \| २०८३ असार \| २०८४ असार | **ज. ग्राहक संरक्षण कोष (Client Protection Fund) सम्बन्धी व्यवस्था**<br>(अ) देहायबमोजिमको रकम ऋणीहरुको हितमा खर्च गर्ने गरी अलग्गै ग्राहक संरक्षण कोष (Client Protection Fund) मा जम्मा गरी राख्नु पर्नेछ :<br>**(१) सम्बन्धित आर्थिक वर्षको खुद मुनाफाको देहायबमोजिमको प्रतिशतले हुने रकम**<br>२०८२ असार: १.५ प्रतिशत; २०८३ असार: २ प्रतिशत; २०८४ असार: ३ प्रतिशत |

## यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| क.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | १.५ प्रतिशत \| २ प्रतिशत \| ३ प्रतिशत<br>(२) वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा १५ प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको ३५ प्रतिशतले हुने रकम ।<br>(३) साविकको व्यवस्था बमोजिम निश्चित प्रयोजनका लागि ग्राहकबाट संकलन गरिएको शुल्क समेतबाट सिर्जना गरिएको लघु सुरक्षण कोषमा जम्मा गरिएको रकम । यस प्रयोजनका लागि आगामी दिनमा ग्राहकबाट यस प्रकारको शुल्क/रकम उठाउन पाईनेछैन । | (२) साविकको व्यवस्था बमोजिम निश्चित प्रयोजनका लागि ग्राहकबाट संकलन गरिएको शुल्क समेतबाट सिर्जना गरिएको लघु सुरक्षण कोषमा जम्मा गरिएको रकम । यस प्रयोजनका लागि आगामी दिनमा ग्राहकबाट यस प्रकारको शुल्क/रकम उठाउन पाईनेछैन । |
| ४. | इ.प्रा.निर्देशन नं. ६/०८१ को बुँदा नं. १४ मा संशोधन गरिएको । | **१४. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा**<br>संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन वार्षिक खुद मुनाफाको कम्तीमा १ प्रतिशत छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्नेछ। साथै, वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा १५ प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको १० प्रतिशतले हुने रकम संस्थागत सामाजिक उत्तरदायित्व कोषमा थप जम्मा गर्नु पर्नेछ। सो कोषमा जम्मा भएको रकम निम्नानुसार हुने गरी अर्को आर्थिक वर्षमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ। | **१४. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा**<br>संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन वार्षिक खुद मुनाफाको कम्तीमा १ प्रतिशत छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्नेछ । सो कोषमा जम्मा भएको रकम निम्नानुसार हुने गरी अर्को आर्थिक वर्षमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ। |
| ५. | इ.प्रा.निर्देशन नं. १७/०८१ को बुँदा नं. ४ | (आ) वार्षिक १५ प्रतिशत भन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा १५ प्रतिशत भन्दा माथिको प्रस्तावित लाभांशको ५० प्रतिशत साधारण जगेडा कोषमा, ३५ प्रतिशत | हटाइएको । |

**यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।**

| क.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | को खण्ड (ङ) को (७) (आ) हटाइएको । | ग्राहक संरक्षण कोषमा तथा १० प्रतिशत संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याउनुपर्ने व्यवस्थामध्ये १० प्रतिशत संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याउनुपर्ने व्यवस्था एकीकृत कारोबार शुरु गरेको मितिले एक वर्षसम्म छुट दिने । | |